Regd No. 166013/073/074

च.नं - २६
प.सं - ०८२/०८३

sayapatri Hydropower Limited

कम्पनी दर्ता नं. १६६०१३/०७३/०७४
मितिः २०८२/०५/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

विषयः **हकप्रद शेयरको अनुपात बारे** ।

महोदय,

उपर्युक्त विषयका सम्बन्धमा यस कम्पनीको मिति २०८२/०३/२१ मा ८ औं वार्षिक साधारण सभाबाट कम्पनीको चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको हुँदा सोको पूर्वस्वीकृतिका लागि विद्युत नियमन आयोग समक्ष निवेदन गरेका थियो । तर विद्युत नियमन आयोगले मिति २०८२/०५/२०, पत्र संख्याः २०८२/०८३, चलानी नं. १८५ को पत्र मार्फत यस कम्पनीलाई चुक्ता पूँजीको १:०.७४ अनुपातमा हकप्रद शेयर निष्काशनका लागि पूर्वस्वीकृति उपलव्ध गराईएको हुँदा सोही अनुसार तहाँ समक्ष जानकारी गराउँदछौं ।

धन्यवाद ।

भवदीय,

डा. एक नारायण चापागाई
अध्यक्ष

सयपत्री हाइड्रोपावर लिमिटेड २०७३

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

पत्र संख्या: २०८२/०८३
चलानी नं: १८५

मिति: २०८२/०५/२०

**श्री सयपत्री हाइड्रोपावर लिमिटेड,**
**चाबहिल, काठमाडौँ।**
**सम्पर्क नं.: ९८४१०११९४४, ९८४३७२२४२०**

**विषय: हकप्रद शेयरको निष्कासन गर्न पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ कम्पनीले हकप्रद शेयरको निष्कासन गर्न पूर्व-स्वीकृतिका लागि मिति २०८१/०८/१२ मा पेश गरेको निवेदन सम्बन्धमा आयोगको मिति २०८२/०५/१८ को २८४ औ बैठकको निर्णयानुसार कम्पनीको हाल कायम चुक्ता पूँजी रु. ३०,००,००,०००/– को करिब १:०.७४ अनुपातले हुन आउने कुल रु. २२,२५,५८,९८९.१३/– रकम बराबरको हकप्रद शेयर नेपाल बैङ्क लिमिटेड र ग्लोबल आईएमई बैङ्क लिमिटेडबाट लिइएको ऋण कर्जाको सावाँ र व्याज भुक्तानी गर्ने प्रयोजनको लागि निष्कासन गर्न ***विद्युत नियमन आयोग नियमावली,*** **२०७५** को **नियम ४५** तथा ***विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,*** **२०७८** को **दफा ७** बमोजिम तपसिल बमोजिमका सर्तहरू पालना गर्ने गरी पूर्व-स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ।

सर्तहरु:

१. बैङ्क ऋण तिर्ने प्रयोजनको लागि हकप्रद शेयरको निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गरिएकोले सोही प्रयोजनमा सो रकम खर्च गरी हकप्रद शेयरको निष्कासन सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएको पन्ध्र दिनभित्र सोको जानकारी आयोगमा गराउनुपर्नेछ।

२.प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।

३.प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।

४.तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व-स्वीकृति लिनुपर्नेछ।

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

५.आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

६.हकप्रद शेयरको निष्कासनका लागि निवेदन दिँदा हकप्रद शेयरको निष्कासनबाट प्राप्त रकम जुन सुकै प्रयोजनका लागि भनि उल्लेख भएको भएता पनि ऊर्जासँग सम्बन्धित बाहेक अन्य विषयमा लगाउन पाइने छैन।

७.हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

८.अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,* २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ।

विशाल श्रेष्ठ
(इन्जिनियर)

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।